09 October 2023

National News

<u>मुख्य समाचार</u>

- मिजोरम, छत्तीसगढ, मध्य प्रदेश, राजस्थान र तेलंगाना राज्यमा विधानसभा चुनाउको तिथि घोषणा
- प्रधानमन्त्री श्री नरेन्द्र मोदी र तान्जानियाका राष्ट्रपति सुश्री सामिया सुलुहु हसनबीच द्विपक्षीय वार्ता सम्पन्न
- सिक्किमको स्थितिलाई लिएर केन्द्रिय क्याबिनेट सचिवको अध्यक्षतामा उच्चस्तरीय समीक्षा बैठक
- इजरायल र हमासबीच जारी द्वन्द्वमा मर्नेहरूको संख्या ११ सयभन्दा धेरै
- विश्व कप क्रिकेटमा न्युजील्याण्डले निदरल्याण्डलाई 323 रनको लक्ष्य दियो

<u>निर्वाचन आयोग –घोषणा</u>

मिजोरम, छत्तीसगढ, मध्य प्रदेश, राजस्थान र तेलंगाना राज्यमा विधानसभा चुनाउको तिथि घोषणा भएको छ । अर्को महिनाको 7 देखि 30 तारिक सम्ममा यी राज्यमा मतदान हुनेछन्। यी पाँच राज्यहरूमा मतगणना 3 दिसम्बरको दिन हुनेछन्।

भारतको निर्वाचन आयोगले पाँच राज्यमा हुने विधानसभा चुनाउको कार्यतालिका आज सार्वजनिक गरेको छ । मिजोरममा ७ नोभेम्बरमा एउटै चरणमा मतदान हुनेछ। जसको लागि १३ अक्टोबरमा अधिसूचना जारी गरिनेछ। छत्तीसगढमा पहिलो चरणको मतदान नोभेम्बर ७ र दोस्रो चरणको मतदान १७ नोभेम्बरमा हुनेछ । पहिलो चरणको अधिसूचना यही महिनाको १३ तारिक र दोस्रो चरणको २१ तारिक जारी हुनेछ ।

मध्य प्रदेशमा १७ नोभेम्बरमा हुने मतदानको अधिसूचना २१ अक्टोबरमा जारी हुनेछ भने राजस्थानमा २३ नोभेम्बरमा हुने मतदानको अधिसूचना ३० अक्टोबरमा जारी हुनेछ । तेलंगानामा नोभेम्बर ३० मा एउटै चरणमा मतदान हुनेछ। राज्यमा निर्वाचनको लागि नोभेम्बर 3 मा अधिसूचना जारी हुनेछ।

नयाँ दिल्लीमा मुख्य निर्वाचन आयुक्त श्री राजीव कुमारले भन्नुभयो, यी पाँच राज्यहरूमा विधानसभा चुनाउको विशेष महत्त्व छ किनभने यो 2024 को आम चुनाउ अघि हुने अन्तिम विधानसभा चुनाउ हुनेछन्। उहाँले निर्वाचन आयोगले यी पाँच राज्यमा स्वच्छ र अनियमिततारहित निर्वाचन गराउने आश्वासन दिनुभयो ।

पाँच राज्यहरूमा कुल 679 विधानसभा सीटहरू छन् र 16 करोड मतदाता छन्।

तान्जानिया राष्ट्रपति-भारत

प्रधानमन्त्री श्री नरेन्द्र मोदी र तान्जानियाका राष्ट्रपति सुश्री सामिया सुलुहु हसनबीच आज नयाँ दिल्लीमा विभिन्न विषयमा द्विपक्षीय वार्ता सम्पन्न भयो। भेटमा दुवै नेताले द्विपक्षीय सम्बन्धका विभिन्न पक्षको समीक्षा गर्नुभएको थियो। उहाँहरुले दुई देशबीचको घनिष्ट र ऐतिहासिक सम्बन्धलाई अझ अगाडि बढाउने विषयबारे पनि छलफल गर्नुभयो।

दुवै पक्षबीच प्रतिनिधिमण्डलस्तरीय वार्ता पनि भयो । सो क्रममा दुई देशबीचको व्यापार तथा लगानी, रक्षा तथा सामुद्रिक सुरक्षा, विकास साझेदारी, उच्च शिक्षा र जनस्तरको सम्बन्धलगायत द्विपक्षीय सहयोगका विविध क्षेत्रमा छलफल भएको थियो ।

वार्तापछि तान्जानियाका राष्ट्रपतिसँगको संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, आज भारत-तान्जानिया सम्बन्धका लागि ऐतिहासिक दिन हो किनभने दुई देशबीचको सदियौं पुरानो मित्रता अब रणनीतिक साझेदारीको तहमा पुगेको छ । उहाँले विकासको सन्दर्भमा तान्जानिया अफ्रिकामा भारतको सबैभन्दा नजिकको साझेदार भएको बताउनु भयो।

श्री मोदीले भन्नुभयो, भारत र तान्जानियाले रक्षा क्षेत्रमा सहयोगको लागि पाँच वर्षको फ्रेमवर्क बनाउन सहमत भएका छन्। उहाँले तान्जानियाले G-20 शिखर सम्मेलनमा भारतले सुरु गरेको ग्लोबल बायोफ्युल एलायन्समा सामेल हुने निर्णय गरेकोमा पनि खुशी व्यक्त गर्नुभयो।

दुई देशबीच विभिन्न क्षेत्रमा सम्झौता आदानप्रदान भएकo ा छन् ।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको निमन्त्रणामा तान्जानियाकी राष्ट्रपति भारतको चारदिने राजकीय भ्रमणमा हिजो नयाँ दिल्ली आइपुग्नु भएको हो।

भाजपा - उम्मेदवार सूची

भारतीय जनता पार्टीले मध्य प्रदेश विधानसभा चुनाउका लागि आज 57 जना उम्मेदवारहरूको अर्को सूची जारी गरेको छ। सोही प्रकारले भाजपाले राजस्थान विधानसभा चुनाउका लागि 41 उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। सोहीप्रकारले भाजपाले छत्तीसगढ विधानसभा चुनाउका लागि 64 जना उम्मेदवारहरूको अर्को सूची पनि जारी गरेको छ।

## सिक्किम बाढी

राष्ट्रिय संकट प्रबन्धन समितिले आज क्याबिनेट सचिव श्री राजीव गौबाको अध्यक्षतामा सिक्किमको अवस्था बारेमा समीक्षा बैठक गरेको छ। बैठकमा राज्यका मुख्य सचिवले अधिकांश क्षेत्रमा सडक सम्पर्क सुचारु भएको जानकारी दिनुभयो । मौसममा सुधार आएपछि अलपत्र परेका मानिसहरूको उद्धार गर्न सम्भव भएको पनि उहाँले बताउनु भयो । आज बिहान ८० जनालाई सकुशल बाहिर निकालिएको उहाँले जनाउनुभयो। मुख्य सचिवले २८ वटा राहत शिविरमा  ६ हजार ८०० भन्दा धेरैले आश्रय लिएको जानकारी दिनुभयो। उहाँले प्रभावित क्षेत्रमा खाद्यान्न, औषधि, घरेलु ग्यासलगायत अत्यावश्यक सामग्री पुर्‍याइएको बताउनु भयो।

समितिको बैठकमा जल तथा मौसम विज्ञान विभागका महानिर्देशक श्री मृत्युञ्जय महापात्राले अक्टोबर ११ देखि १३ तारिकसम्म मौसम अनुकूल रहने बताउनु भयो। राष्ट्रिय आपदा प्रबन्धन बल-एनडीआरएफका महानिर्देशकले राज्यमा उद्धार र राहत कार्यका लागि 6 वटा टोली खटाइएको जनाउनुभयो।

यसबाहेक एनडीआरएफको तीनवटा टोलीलाई सावधानीका रूपमा सिलगढीमा राखिएको जनाउनुभयो। उद्धार र पुनर्बहाली प्रयासका लागि पर्याप्त सेना र वायुसेना टोली र सम्पत्तिहरू तैनाथ गरिएका छन्।

बैठकमा गृह सचिव श्री अजय कुमार भल्लाले भन्नुभयो,  केन्द्र सरकारले चौबीसै घण्टा स्थितिको निगरानी गरिरहेको छ। उहाँले एउटा अन्तर-मन्त्रालय समन्वय टोली स्थितिको जानकारी लिन  सिक्किम पुगेको बताउनुभयो।

राहत र उद्धार उपायहरूको समीक्षा गर्दै, क्याबिनेट सचिव, श्री गौबाले भन्नुभयो,  थोरै समयमा मानिसहरूलाई बाहिर निकाल्नु सिक्किम सरकार र केन्द्रीय एजेन्सीहरूको प्राथमिकता हुनुपर्छ। क्याबिनेट सचिवले केन्द्र सरकारले राज्यलाई सबै सम्भवभएजति सहयोग गर्ने बताउनुभयो।

अर्कोतिर, सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज बाढी प्रभावित क्षेत्र सिरवानीको भ्रमण गर्नुभयो।

यसभन्दा अघि,  मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज बिहान मुख्य सचिव श्री भी.बी. पाठकलगायत सेनाका वरिष्ठ अधिकारीहरूसँग उच्चस्तरीय बैठक गर्नुभयो।

अर्कोतिर, राज्यका मुख्य सचिव श्री भी बी पाठकले आज केन्द्रीय अन्तर मन्त्रालयस्तरीय टोली - IMCT सँग बैठक गर्नुभयो।

IMCT र सिक्किम सरकारका अधिकारीहरूले आज रम्फू आईबीएम, एटीटीसी- बर्दाङ, गोलिटार, सिङ्ताम र डिक्चुमा बाढी प्रभावित क्षेत्रहरूको भ्रमण गरेका छन्। टोलीले भोलि उत्तर सिक्किमको मंगन, नागा र चुङ्थाङ्को भ्रमण गर्ने बताइएको छ।

यसअघि, राष्ट्रिय आपदा प्रबन्धन बलको तेस्रो टोली चुङ्थाङ पुगेको छ। पर्यटकहरूको पहिलो समूहलाई आज बिहान सेनाको हेलिकप्टरबाट लाचेनबाट मङ्गन हेलिप्याडमा ल्याइएको छ ।

अर्कोतिर, टिस्टा नदीमा 4 अक्टोबरमा आएको बाढीका कारण मृत्यु हुनेको संख्या ३४ पुगेको छ । सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरणका अनुसार 105 जना अझै बेपत्ता छन्। हालसम्म दुई हजार ५ सय ६३ जनाको उद्धार गरिएको छ । बाढीबाट एक हजार तीन सय ८१ घरमा नराम्ररी क्षति पुगेको छ ।

सेनाको त्रिशक्ति कोरका सिपाहीहरूले सिक्किममा बेपत्ता सैनिकहरूको खोजी गरिरहेका छन्। त्रिशक्ति कोरले उत्तर सिक्किमको लाचेन, लाचुङ, थाङ्गु र चुङ्थाङ क्षेत्रमा फसेका १७ सय पर्यटकहरूलाई पनि सहायता प्रदान गरिरहेको छ।

<u>इजरायल-हमास</u>

इजरायल र हमासबीच जारी द्वन्द्वमा मृत्यु हुनेको संख्या बढेर ११ सयभन्दा धेरै भएको छ। गाजा पट्टीमा १ लाख २३ हजारभन्दा धेरै मानिस विस्थापित भएका छन् ।

युद्धबाट सर्वसाधारण पनि प्रभावित छन् ।संयुक्त राष्ट्रसंघले आज ७३ हजारभन्दा धेरै मानिसले विद्यालयमा आश्रय लिएको जनाएको छ ।

यसैबीच, इजरायलका रक्षामन्त्रीले गाजालाई पूरै घेराबन्दी गर्ने आदेश दिनुभएको छ।

गाजाको स्वास्थ्य मन्त्रालय अनुसार शनिवारदेखि गाजा पट्टीमा इजरायलले मिसाइल आक्रमण गरिरहेको छ जसमा 511 जना मारिएका छन्।

क्रिकेट-विश्व कप

आईसीसी विश्व कप क्रिकेटमा न्युजील्याण्डले निदरल्याण्डलाई जीतका लागि 323 रनको लक्ष्य दिएको छ। हैदराबादको राजीव गान्धी अन्तर्राष्ट्रीय स्टेडियममा पहिला ब्याटिङ गर्दै न्युजिल्याण्डले 322 रन बनायो। ताजा समाचार अनुसार निदरल्याण्डले 14 ओवरमा 2 विकेट खर्च गरेर 58 रन बनाएर खेलिरहेको छ।

हिजो राति भएको खेलमा भारतले आफ्नो पहिलो म्याचमा अस्ट्रेलियालाई 6 विकेटले पराजित गरेको थियो।